**Interdisciplinary Research in Education**
**Volume 7, Issue 1, 2022: 1-16**
**DOI: https://doi.org/10.3126/ire.v7i1.47491**

# कक्षा दशको नेपाली पाठ्यपुस्तकमा समाविष्ट व्याकरणका अभ्यास

**बुद्धराज खनिया**
*khaniya.br1@gmail.com*
सहप्राध्यापक, शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर

**लेखसार**

*कक्षा दशको नेपाली पाठ्यपुस्तकमा भएका व्याकरणका अभ्यासहरूको अध्ययन गर्ने उद्देश्यले तयार गरिएको यो लेख गुणात्मक अनुसन्धानको पुस्तकालयीय अध्ययनमा आधारित छ । कक्षा दशको नेपाली पाठ्यपुस्तकलाई अध्ययनको मूल सामग्री मानी सोही पुस्तकबाट तथ्यहरू सङ्कलन गरी वर्णन विश्लेषण गरिएको छ । व्याकरणका प्रत्येक पाठ्यवस्तुलाई तालिकीकरण गरी वर्णनात्मक एवम् व्याख्यानात्मक तरिकाले विश्लेषण गरिएको छ । सोहीअनुसार कक्षा दशको नेपाली पाठ्यपुस्तकमा धातु, शब्दवर्ग, लेख्यचिन्ह, काल-पक्ष, मूल-व्युत्पन्न शब्द, उपसर्ग-प्रत्यय, द्वित्व, समास, वर्णविन्यास, वाक्यका प्रकार, पदसङ्गति, वाक्य संश्लेषण-विश्लेषण, कारक-विभक्ति र वाच्यसम्बन्धी व्याकरणका अभ्यासहरू राखिएका छन् । मूल र व्युत्पन्न, वर्णविन्यास, स्वर वर्ण र अक्षर संरचना, वाच्यसम्बन्धी व्याकरणका अभ्यासलाई सम्बन्धित पाठसँग जोडिएको छ भने धातु, लेख्यचिन्ह, पदसङ्गति, भाव, वाक्य संश्लेषण र विश्लेषण, कारक र विभक्ति, लघुतावाची, समूहवाची र सिङ्गो शब्दका अभ्यासलाई सम्बन्धित पाठसँग जोडिएको छैन । व्याकरणका अधिकांश पाठ्यांशलाई मूल पाठसँग नजोड्नु शैक्षणिक दृष्टिले पाठ्यपुस्तकको कमजोरी मानिन्छ ।*

**शब्दकुन्जी :** *वर्णविन्यास, धातु, भाषा पाठ्यपुस्तक विधि, वाक्य, शब्द निर्माण*

## परिचय

भाषाका विभिन्न पक्षहरूको अध्ययन विश्लेषण गर्न विभिन्न क्षेत्र र शाखाहरू विकसित भएका छन् । ध्वनिहरूको वर्णन विश्लेषण गर्ने ध्वनिविज्ञान, वर्णहरूको वर्णन विश्लेषण गर्ने वर्णविज्ञान, अर्थको वर्णन विश्लेषण गर्ने अर्थविज्ञान भए जस्तै भाषाको आन्तरिक संरचनाको वर्णन विश्लेषण गर्ने विषय व्याकरण हो । शर्मा र पौडेल (२०७४) का अनुसार व्याकरण भाषाको आन्तरिक संरचना र नियमहरूको व्याख्या गर्ने आन्तरिक सञ्जाल हो (पृ.१९६) । यस्तै धारणा राख्दै ढकाल (२०७४) ले भाषाको आन्तरिक संरचनामा भएका नियम र अपवादहरूको वस्तुपरक अध्ययन, व्याख्या र विश्लेषणलाई व्याकरण मान्नु उपयुक्त हुने बताएका छन् । व्याकरणका बारेमा थप प्रस्ट गर्दै अधिकारी (२०६८) भन्छन् - "व्याकरण भनेको भाषाको

त्यस्तो व्यवस्था हो, जुन मुख्यतः रूपगत तथा वाक्यगत हुन्छ । व्याकरणबाट वाक्य गठन र शब्द रचनाको प्रक्रिया सम्बन्धी ज्ञान प्राप्त हुन्छ" (पृ.१७८) । यसबाट व्याकरण भाषामा छ र भाषा व्याकरणबद्ध छ भन्ने कुरा पुष्टि हुन्छ । त्यसैले व्याकरण निरपेक्ष नभएर भाषामा नै अन्तर्निहित भएको हुँदा व्याकरण शिक्षण पनि भाषासँगै जोडेर गर्नुपर्दछ ।

भाषाशिक्षण भनेको मूलतः भाषिक सिपहरूको शिक्षण हो । यस कुरालाई भाषाका चार सिपहरू : सुनाइ, बोलाइ, पढाइ र लेखाइको शिक्षण सिकाइका बारेमा विस्तृत चर्चा गरी बर्नस (सन् २०१८) ले पुष्टि गरेका छन् । भाषा शिक्षणमा भासिक सिपका साथै भाषातत्त्व-व्याकरण एवम् शब्द भण्डारको पनि शिक्षण सिकाइ गरिन्छ । भाषिक सिप, भाषातत्त्व र शब्द भण्डारलाई एकीकृत रूपमा शिक्षण सिकाइ गर्ने कुरा माध्यमिक शिक्षा पाठ्यक्रम (२०७१) ले पनि अङ्गीकार गरेको छ । विषयवस्तुका माध्यमबाट भाषा सिकाउनु भाषा शिक्षणको मुख्य ध्येय हो । विद्यालय तहमा भाषा शिक्षण गर्दा भूगोल, कृषि, विज्ञान, इतिहास, कला संस्कृति, शिक्षा, स्वास्थ्य जस्ता विविध विषयवस्तुलाई कथा, कविता, निबन्ध, रूपक जस्ता विभिन्न विधागत संरचनामा ढालेर पाठको स्वरूप दिइन्छ । विद्यालय तहका विद्यार्थीहरूलाई तिनै छनोट र स्तरण गरिएका पाठहरूको शिक्षण सिकाइ गरिन्छ । अर्थात् निर्धारित पाठहरूका माध्यमबाट भाषिक सिप, भाषातत्त्व एवम् शब्द भण्डारको शिक्षण सिकाइ गरिन्छ । खासगरी माध्यमिक तहको नेपाली पाठ्यपुस्तकका प्रत्येक पाठको अन्त्यमा पाठसँग सम्बन्धित केही नमुना अभ्यासका साथै व्याकरण र अन्य सिर्जनात्मक एवम् परियोजना कार्यहरू पनि राखिएको पाइन्छ । विद्यालय तहमा व्याकरणका पाठ्यवस्तुलाई सम्बन्धित पाठसँग जोडेर रचनामुखी बनाउने हेतुले पाठ्यपुस्तकमा प्रत्येक पाठका अन्त्यमा व्याकरणको अभ्यास राखिएको देखिन्छ ।

भाषाशिक्षणका सन्दर्भमा लम्साल र अन्य (२०६२), अधिकारी (२०६८), शर्मा र पौडेल (२०७४), भण्डारी र अन्य (२०७४), भट्टराई (२०७४), ढकाल (२०७४), श्रेष्ठ (२०७४), खनिया (२०७५),ढुङ्गेल र दाहाल (२०७६)ले व्याकरण शिक्षणका विधिहरूको चर्चा गरेका छन् । उनीहरूका अनुसार व्याकरण शिक्षणमा विद्यार्थीको तह र स्तरअनुसार निगमन विधि, आगमन विधि, भाषा पाठ्यपुस्तक विधि, प्रत्यक्ष विधि उपयोग गर्न सकिन्छ । माध्यमिक तहमा भने निगमन विधि उपयुक्त नहुने देखिन्छ । माध्यमिक तहमा व्याकरण शिक्षण गर्दा आगमन विधि, प्रत्यक्ष विधि र भाषा पाठ्यपुस्तक विधिमध्ये कुनै पाठ्यवस्तुको शिक्षणमा कुनै एक विधि त कुनै पाठ्यवस्तुको शिक्षणमा बहु विधि उपयोग गर्न सकिन्छ । भाषा पाठ्यपुस्तक विधिमा आगमन विधि र प्रत्यक्ष विधि दुवैका विशेषताहरू मिल्ने भएकाले माध्यमिक तहमा व्याकरण शिक्षण गर्दा भाषा पाठ्यपुस्तक विधि बढी उपयोगी हुने देखिन्छ । भाषा पाठ्यपुस्तक विधिका सन्दर्भमा शर्मा र पौडेल (२०७४) भन्छन् -

> भाषा पाठ्यपुस्तकका पाठैपिच्छे अन्य अभ्यासका साथमा व्याकरणात्मक धारणा र अभ्यास समेत गराउने गरी व्याकरणका विषयवस्तु राखेर पाठगत प्रयोग र उदाहरणका प्रसङ्गबाट व्याकरण सिकाउने तरिका यस विधिमा अपनाइन्छ । पाठभित्रैका प्रयोग प्रसङ्गका उदाहरणबाट प्रत्यक्षताको बोध हुने र तिनको आगमनात्मक प्रयोग अभ्यास र नियमीकरण गर्न समेत मद्दत पुग्ने भएकाले वर्तमान परिवेशमा माध्यमिक तहसम्म यसै विधिलाई प्राथमिकता दिन खोजिएको पाइन्छ (पृ.२०४) ।

विद्यालय तहका नेपाली पाठ्यपुस्तकमा पाठैपिच्छे व्याकरणका अभ्यासहरू राखिएका छन् । तर ती व्याकरणका अभ्यासहरू शैक्षणिक दृष्टिले के कति उपयुक्त छन् ? व्याकरणका अभ्यासलाई सम्बन्धित पाठसँग जोडिएको छ कि छैन ? जस्ता प्रश्नहरूमा केन्द्रित भएर विद्यालयका तहका व्याकरणका अभ्यासहरूको अध्ययन भएको भेटिँदैन । अझ कक्षा दशको नेपाली पाठ्यपुस्तकमा राखिएका व्याकरणका अभ्यासहरूको अध्ययन अनुसन्धान भएको पाइँदैन । तसर्थ कक्षा दशको नेपाली पाठ्यपुस्तक (२०७४) मा राखिएका व्याकरणका अभ्यासहरूमा केन्द्रित भएर यो अनुसन्धान लेख तयार गरिएको हो । यस लेखको मुख्य उद्देश्य कक्षा दशको नेपाली पाठ्यपुस्तकमा राखिएका व्याकरणका पाठ्यवस्तुहरू पहिचान गरी तिनको पाठगत आधारमा विश्लेषण गर्नु हो । यस लेखमा सो पुस्तकमा रहेका सम्पूर्ण व्याकरणका पाठ्यांशहरूलाई शैक्षणिक दृष्टिले पाठसँग जोडेर लेखाजोखा गरिएको छ ।

यो लेख व्याकरण शिक्षण सिकाइ गर्ने शिक्षक, विद्यार्थी, विद्यालय तहको पाठ्यपुस्तक निर्माता एवम् व्याकरणका पाठ्यसामग्री तथा अभ्यास पुस्तिका तयार गर्ने व्यक्तिहरूका लागि उपयोगी हुने देखिन्छ । साथै यस किसिमको अध्ययन अनुसन्धान गर्नेहरूका लागि पनि यो अनुसन्धान लेख सहायक हुने छ ।

## विधि

यो अनुसन्धान लेख गुणात्मक अनुसन्धानको पुस्तकालयीय अध्ययनमा आधारित छ । कक्षा दशको नेपाली पाठ्यपुस्तक (२०७४) लाई अध्ययनको मूल सामग्री मानी सोही पुस्तकबाट तथ्यहरू सङ्कलन गरिएको छ । सो पुस्तकमा जम्मा सोर ओटा पाठहरू रहेका छन्, ती प्रत्येक पाठका अन्त्यतिर राखिएका व्याकरणका अभ्यासबाट तथ्यहरू सङ्कलन गरी व्याख्या विश्लेषण गरिएको छ । व्याकरणका प्रत्येक पाठ्यवस्तुलाई तालिकीकरण गरी वर्णनात्मक एवम् व्याख्यानात्मक तरिकाले विश्लेषण गरिएको छ ।

## नतिजा तथा छलफल

माध्यमिक शिक्षा पाठ्यक्रम (२०७१) ले निर्देश गरेबमोजिम कक्षा दशको नेपाली पाठ्यपुस्तकमा पौराणिक, सामाजिक, मनोवैज्ञानिक विषय क्षेत्रका चार ओटा कथा, नीति प्रधान, प्रकृति प्रधान, समाज प्रधान भएका तीन ओटा कविता, राष्ट्रिय, अन्तर्राष्ट्रिय स्तरका दुई ओटा जीवनी, प्राविधिक, सांस्कृतिक, सामाजिक विषय क्षेत्रका तीन ओटा निबन्ध, मनोवाद, वादविवाद, एकाङ्की गरी तीन ओटा रूपक, एउटा व्यापारिक चिठी गरी जम्मा सोर ओटा पाठ र ती प्रत्येक पाठका अन्त्यमा व्याकरणका अभ्यासहरू दिइएका छन् । यहाँ ती व्याकरणका अभ्यासहरूलाई छनोट र स्तरण एवम् पाठगत दृष्टिले लेखाजोखा गरिएको छ । पाठ्यपुस्तकमा दिइएका व्याकरणका पाठ्यविषयहरूलाई तालिकीकरण गरी वर्णन विश्लेषण गरिएको छ ।

*व्याकरण :* कक्षा दशको नेपाली पाठ्यपुस्तकमा दिइएका व्याकरणका पाठ्यवस्तुहरूलाई पाठको क्रमअनुसार क्रमशः प्रस्तुत गरी व्याख्या विश्लेषण गरिएको छ । व्याख्या विश्लेषणमा सबैभन्दा पहिले राखिएको एकाइ (पाठ्यवस्तु) सँग अन्य पाठमा दिइएका सम्बन्धित अभ्यासहरूलाई जोडेर एउटै शीर्षकमा विश्लेषण गरिएको छ । यसअनुसार धातु, शब्दवर्ग, लेख्यचिन्ह, काल-पक्ष, मूल-व्युत्पन्न शब्द, उपसर्ग-प्रत्यय, वर्णविन्यास, वाक्यका प्रकार, पद सङ्गति, वाक्य संश्लेषण-विश्लेषण, कारक-विभक्ति र वाच्यलाई क्रमशः प्रस्तुत गरिएको छ ।

***धातु :*** कक्षा दशको नेपाली पाठ्यपुस्तकमा दिइएका धातुसम्बन्धी व्याकरणका अभ्यासहरूलाई तलको तालिका १ मा प्रस्तुत गरिएको छ ।

तालिका १

*धातुसम्बन्धी अभ्यास*

| पाठ | अभ्यास |
|---|---|
| १ जन्मभूमि-कथा | उदाहरणमा दिइए जस्तै दिइएका शब्दबाट धातु छुट्याउने |
| | उदाहरणमा दिइए जस्तै दिइएका शब्दबाट धातुका प्रकार छुट्याउने |
| | अनुच्छेदमा रेखाङ्कन गरिएका क्रियापदबाट धातु छुट्याएर प्रकार लेख्ने |
| २ सन्तुष्टि-कविता | उदाहरणमा दिइए जस्तै दिइएका धातुबाट तिन ओटै कालका सबै पक्षका वाक्य बनाउने |
| | उदाहरणमा दिइए जस्तै दिइएका धातुबाट लिङ्ग, वचन, पुरुष र आदरका वाक्य बनाउने |
| | कोष्ठकमा दिइएका धातु र सङ्केतका आधारमा वाक्य पूरा गर्ने |
| | खा, गर्, सुन्, हेर् जस्ता धातुको प्रयोग गरी घुम्न जाँदाको वर्णन गर्ने |

तालिका १ अनुसार धातुसम्बन्धी व्याकरणका अभ्यासहरू कक्षा दशको नेपाली पाठ्यपुस्तकका पाठ १ र २ मा दिइएका छन् ।धातु'का अभ्यासहरूसुरुका पहिलो र दोस्रो पाठमा नै राखिनु स्तरणका दृष्टिले उपयुक्त देखिन्छ । पहिलो र दोस्रो पाठमा दिइएका धातु छुट्याउने, धातुका प्रकार छुट्याउने, धातु र सङ्केतका आधारमा वाक्य पूरा गर्ने, धातुको प्रयोग गरी वर्णन गर्ने जस्ता अभ्यासहरू सान्दर्भिक र पर्याप्त देखिन्छन् । तर धातुबाट तीन ओटै कालका सबै पक्षका वाक्य बनाउने भन्ने अभ्यास सिकाइ 'सरलबाट जटिलतर्फ' भन्ने सिद्धान्त खण्डित हुने दखिन्छ । किनकि काल र पक्षको सामान्य चर्चा अघिल्ला कक्षाका पाठमा दिइए पनि कक्षा दशको नेपाली पाठ्यपुस्तकमा काल र पक्षको अभ्यास पछिल्ला पाठहरूमा दिइएको छ । धातुको प्रयोग गरी घुम्न जाँदाको वर्णन गर्ने भन्ने अभ्यास व्याकरणलाई निरपेक्ष होइन भाषासँग जोड्ने वा प्रयोगमुखी बनाउने भन्ने मान्यता अपनाउनु यसको सबल पक्ष हो । तर सम्बन्धित पाठसँग जोडेर अभ्यास गर्न नलागाउनु यसको कमजोरी हो ।

**शब्दवर्ग** : कक्षा दशको नेपाली पाठ्यपुस्तकमा दिइएका शब्दवर्गसम्बन्धी अभ्यासहरूलाई तालिका २ मा प्रस्तुत गरिएको छ ।

तालिका २

*शब्दवर्गसम्बन्धी अभ्यास*

| पाठ | अभ्यास |
|---|---|
| १ जन्मभूमि-कथा | दिइएको अनुच्छेदमा प्रयोग भएका निपात शब्दहरू पहिचान गरी वाक्यमा प्रयोग गर्ने |
| | दिइएको अनुच्छेदमा रहेका विस्मयादिबोधक शब्दहरू खोजेर लेख्ने |
| | दिइएका निपात प्रयोग गरी वर्णन गर्ने |
| | दिइएका विस्मयादिबोधक शब्दहरू प्रयोग गरी एक एक ओटा वाक्य बनाउने |
| ३ सन्दुक रुइत-जीवनी | दिइएको अनुच्छेदमा रेखाङ्कित क्रियायोगी शब्दहरू अभ्यास पुस्तिकामा सार्ने |
| | दिइएको अनुच्छेदमा रेखाङ्कित नामयोगी शब्दहरू अभ्यास पुस्तिकामा सार्ने |
| | दिइएको अनुच्छेदमा रेखाङ्कित संयोजक शब्दहरू अभ्यास पुस्तिकामा सार्ने |
| | तालिकामा दिइए जस्तै दिइएका शब्दहरूलाई क्रियायोगी, नामयोगी र संयोजक छुट्याएर लेख्ने |
| ४ थाङ्का-निबन्ध | दिइएको अनुच्छेदमा भएका नाम शब्द रेखाङ्कन गर्ने |
| | अनुच्छेदमा रेखाङ्कित शब्दहरूबाट सर्वनाम, विशेषण र क्रियापद छुट्याउने |
| | दिइएको अनुच्छेदबाट नाम, सर्वनाम, विशेषण र क्रियापद छुट्याउने |
| | पाठको चौथो अनुच्छेदमा प्रयुक्त नाम, सर्वनाम, विशेषण र क्रियापद टिपेर तालिका बनाउने |
| ८ वर्षा-कविता | दिइएको अनुच्छेदमा रेखाङ्कित क्रियापदले कर्ताले गरेको कार्य बुझ्ने र उक्त क्रियापदहरू टिपेर छुट्टै अनुच्छेद तयार गर्ने |
| १३ जय भुँडी-निबन्ध | दिइएका संयोजक प्रयोग गरी वाक्य बनाउने |

माथिको तालिकामा दिइएअनुसार कक्षा दशको नेपाली पाठ्यपुस्तकका पहिलो, तेस्रो, चौथो, आठौँ र तेरौँ गरी जम्मा पाँच ओटा पाठमा शब्दवर्गसम्बन्धी अभ्यास दिइएको छ जसमा पहिलो पाठमा निपात र विस्मयादिबोधकका अभ्यासहरू राखिएका छन् । त्यसपछि क्रियायोगी, नामयोगी, संयोजक राखेपछि नाम, सर्वनाम, विशेषण र क्रियापदका अभ्यासहरू राखिएका छन् । यसरी हेर्दा कक्षा दशको नेपाली पाठ्यपुस्तकमा शब्दवर्गका सबै आइटमहरूको अभ्यास दिइएको छ, यद्यपि शब्दवर्गको सैद्धान्तिक क्रम भने मिलेको पाइँदैन । वाक्यमा प्रयोग गर्ने, अनुच्छेद तयार गर्ने, वर्णन गर्ने जस्ता अभ्यास राखिनु प्रयोगमुखीका दृष्टिले सबल पक्ष हो । पाठगत दृष्टिले भने पाठको चौथो अनुच्छेदमा प्रयुक्त नाम, सर्वनाम, विशेषण र क्रियापद टिपेर तालिका बनाउने भन्ने अभ्यास एउटा मात्र अभ्यास निकै अपर्याप्त देखिन्छ ।

*लेख्यचिन्ह :* कक्षा दशको नेपाली पाठ्यपुस्तकमा दिइएका लेख्यचिन्हसम्बन्धी अभ्यासहरूलाई तालिका ३ मा प्रस्तुत गरिएको छ ।

तालिका ३

*लेख्यचिन्हसम्बन्धी अभ्यास*

| पाठ | अभ्यास |
|---|---|
| २ सन्तुष्टि-कविता | दिइएको अनुच्छेदमा प्रयोग भएका लेख्यचिन्ह उत्तरपुस्तिकामा सार्ने र यहाँ प्रयोग भएका बाहेक अन्य लेख्यचिन्हहरूका बारेमा छलफल गर्ने |

तालिका तीनअनुसार कक्षा दशको नेपाली पाठ्यपुस्तकको दोस्रो पाठमा व्याकरणको अभ्यास भनेर लेख्यचिन्हअन्तर्गत अल्प विराम, अर्ध विराम, पूर्ण विराम, प्रश्नवाचक र विस्मयादिबोधकका चिन्हहरूको अभ्यास राखिएको छ । सो पुस्तकमा लेख्यचिन्हको एउटा मात्र अभ्यास राखिनु र उक्त चार ओटा चिन्हको मात्र अभ्यास राखिनु अभ्यासका दृष्टिले पर्याप्त होइन । फेरि अभ्यासलाई पाठसँग पनि जोडिएको छैन र थप अभ्यास गर्ने मौका दिइएको छैन ।

*काल पक्ष :* कक्षा दशको नेपाली पाठ्यपुस्तकमा दिइएका काल पक्षसम्बन्धी अभ्यासहरूलाई तालिका ४ मा प्रस्तुत गरिएको छ ।

तालिका ४

*काल पक्षसम्बन्धी अभ्यास*

| पाठ | अभ्यास |
|---|---|
| ५ म पनि सक्छु- | दिइएको अनुच्छेदबाट वर्तमान र भविष्यत् कालका वाक्यहरूलाई तालिकामा देखाई तिनका पक्ष मनोवाद पनि छुट्याउने |
| | पाठको तेस्रो अनुच्छेदबाट मिल्ने वाक्यलाई वर्तमान कालमा परिवर्तन गरी पुनर्लेखन गर्ने |
| | पाठको छैटौँ अनुच्छेदलाई भविष्यत् कालमा बदलेर पुनर्लेखन गर्ने |
| ६ व्यापारिक चिठी- | दिइएको अनुच्छेदमा रेखाङ्कन गरिएका भूतकालका क्रियापदका पक्षहरूलाई उदाहरणमा देखाए जस्तै चिठी तालिकामा देखाउने |
| | दिइएका क्रियापदमध्ये भूतकालका क्रियापद मात्र अभ्यास पुस्तिकामा सार्ने |
| | जोडा मिलाउने (भूतकालका पक्ष र सम्बन्धित वाक्यहरू बिच) |
| | पाठमा प्रयोग भएका वर्तमान कालका क्रियापदहरू टिपी भूतकालमा परिवर्तन गर्ने |
| | लिङ्ग, वचन र पुरुषका आधारमा पढ् धातुबाट बन्ने अपूर्ण भूतकालका क्रियापद बनाउने |
| | कोष्ठकमा दिइएका धातु र सङ्केतका आधारमा खाली ठाउँ भर्ने (भूतका पक्षहरू) |
| | भूतकालका क्रियापद प्रयोग गरी आफूले घुमेको ठाउँको वर्णन गर्ने |

| | |
|---|---|
| ७ प्रत्यागमन-कथा | दिइएको अनुच्छेदमा रेखाङ्कन गरिएका क्रियापद अपूर्ण पक्षका हुन्, बुझेर पढ्ने पाठबाट पाँच ओटा क्रियापद टिपी तालिकामा देखाए जस्तै अपूर्ण पक्षका तीन ओटै कालमा परिवर्तन गर्ने<br>जोडा मिलाउने (अपूर्णका तीन ओटै कालसम्बन्धी)<br>कोष्ठकमा दिइएका धातु र सङ्केतका आधारमा खाली ठाउँ भर्ने (पक्षका तीन ओटा काल)<br>अपूर्ण भूत, वर्तमान र भविष्यत् कालको प्रयोग गरी पाँच पाँच वाक्यमा अलग अलग वर्णन गर्ने |
| १० स्थानीयकरण भन्दा | दिइएको अनुच्छेदमा भएका पूर्ण पक्षका विभिन्न कालका वाक्यहरूलाई अलग अलग सूचीमा राख्ने |
| व्यापारीकरण वेश-वादविवाद | पूर्ण भूतकालमा रहेको दिइएको कथांशलाई पूर्ण वर्तमान र पूर्ण भविष्यत्मा बदल्ने<br>पूर्ण भूतकालको प्रयोग गरी कुनै ठाउँमा जाँदाको वर्णन गर्ने |

कक्षा दशको नेपाली पाठ्यपुस्तकको पाँचौँ, छैटौँ, सातौँ, र दशौँ पाठमा व्याकरणको अभ्यासअन्तर्गत काल र पक्ष समावेश गरिएको छ । सो पुस्तकमा तीन ओटै काल र सबै पक्षसम्बन्धी अभ्यासहरू राखिएका छन् । काल र पक्षसम्बन्धी विभिन्न प्रश्नहरू राखेर अभ्यासलाई प्रयोगमुखी बनाउनुका साथै पाठसँग पनि जोडिएको छ । चार ओटा पाठमा काल र पक्षका पाठ्यवस्तु राखेर विद्यार्थीलाई पर्याप्त अभ्यास गर्ने मौका दिइएको छ ।

*मूल र व्युत्पन्न शब्द :* कक्षा दशको नेपाली पाठ्यपुस्तकमा दिइएका मूल र व्युत्पन्नसम्बन्धी अभ्यासहरूलाई तालिका ५ मा प्रस्तुत गरिएको छ ।

तालिका ५

*मूल र व्युत्पन्नसम्बन्धी अभ्यास*

| पाठ | अभ्यास |
|---|---|
| ५ म पनि सक्छु-मनोवाद | दिइएको तालिकामा भएका मूल र व्युत्पन्न शब्द प्रयोग गरी वाक्य बनाउने<br>दिइएका व्युत्पन्न शब्दबाट मूल शब्द छुट्याउने<br>पाठको नवौँ अनुच्छेदमा भएका व्युत्पन्न शब्द छानी मूल शब्द छुट्याउने |

कक्षा दशको नेपाली पाठ्यपुस्तकको पाँचौँ पाठमा व्याकरणको अभ्यासअन्तर्गत मूल र व्युत्पन्नका तीन ओटा प्रश्न राखिएका छन् । यस पाठमा केवल मूल र व्युत्पन्न शब्दको पहिचान गर्ने उद्देश्य देखिन्छ । व्युत्पन्नका विभिन्न स्वरूपहरू (उपसर्ग, प्रत्यय, द्वित्व, समास) को चर्चा अन्य पाठहरूमा दिइएको छ ।

*उपसर्ग प्रत्यय :* कक्षा दशको नेपाली पाठ्यपुस्तकमा दिइएका उपसर्ग प्रत्ययसम्बन्धी अभ्यासहरूलाई तालिका ६ मा प्रस्तुत गरिएको छ ।

तालिका ६

*उपसर्ग प्रत्ययसम्बन्धी अभ्यास*

| पाठ | अभ्यास |
|---|---|
| ८ वर्षा-कविता | उदाहरणमा दिइए जस्तै दिइएका उपसर्ग लागेर बनेका तीन तीन ओटा शब्द निर्माण गर्ने<br>दिइएका उपसर्ग लागेर बनेका दुई दुई ओटा शब्द निर्माण गर्ने<br>पाठबाट उदाहरणमा दिइए जस्तै ई प्रत्यय लागेर बनेका तीन ओटा शब्द टिपी निर्माण प्रक्रिया देखाउने<br>दिइएको अनुच्छेदमा प्रत्यय लागेका व्युत्पन्न टिपी उदाहरणमा देखाए जस्तै निर्माण प्रक्रिया देखाउने<br>दिइएका प्रत्यय लगाई एक एक ओटा शब्द निर्माण गर्ने |

कक्षा दशको नेपाली पाठ्यपुस्तकको आठौँ पाठमा उपसर्ग र प्रत्ययकादुई दुइटा उपसर्ग र प्रत्ययका प्रश्नहरू दिइएका छन् । सो अभ्यासमा वि, अ, प्र, आ, अति, अधि, अन, ना, दुस्, गैर, परा, उप, अव, अभि, सम् अनु, सु, कु, अप, सह, बद्, बि, बे, निर्, दुर् उत्, न उपसर्गहरू दिइएका छन् भने ई, ए, अन, अनी, अन्त, अन्ते, अक्कड, अत, अक, आइ, आइँ, आरो, आवट, आहा, इलो, उवा, एको, ति, ती, एर, ओट, ईन, इय, ईय, इया, आलु, आनी, एलु, अनीय, इत, इक, य, तव्य, ता, आहा, आना, औरो, आइलो, ली, ले, इयार, पन/पना, त्व, इम, वान्, एली प्रत्ययहरू राखिएका छन् । यसमा पाठ सम्बद्ध एउटा मात्र प्रश्न त्यो पनि 'ई प्रत्यय लागेर बनेका तीन ओटा शब्द टिपी निर्माण प्रक्रिया देखाउने' भन्ने प्रश्न राखिएको छ । यस किसिमले हेर्दा भाषा पाठ्यपुस्तक विधि अनुसार व्याकरण शिक्षण गर्ने भन्ने कुरा खण्डित भएको पाइन्छ ।

*द्वित्व र समास* : कक्षा दशको नेपाली पाठ्यपुस्तकमा दिइएका द्वित्व र समाससम्बन्धी अभ्यासहरूलाई तालिका ७ मा प्रस्तुत गरिएको छ ।

तालिका ७

*द्वित्व र समाससम्बन्धी अभ्यास*

| पाठ | पाठ्यवस्तु | अभ्यास |
|---|---|---|
| ९ हाम्रो संस्कृति-निबन्ध | द्वित्व | दिइएको अनुच्छेदका रेखाङ्कित द्वित्व शब्दहरू टिपोट गर्ने<br>दिइएका द्वित्व शब्द प्रयोग गरी दुई दुई ओटा वाक्य बनाउने |
| | समास | दिइएको समास प्रक्रिया उत्तर पुस्तिकामा सार्ने<br>पाठबाट पाँच ओटा समस्त शब्द टिप्ने<br>दिइएका समस्त शब्दलाई विग्रह गर्ने<br>दिइएका शब्दलाई समास गर्ने |

तालिका ७ अनुसार कक्षा दशको नेपाली पाठ्यपुस्तकको नवौँ पाठमा व्याकरणअन्तर्गत द्वित्व र समाससम्बन्धी प्रश्न र छलफल राखिएका छन् द्वित्व र समाससम्बन्धी अभ्यासमा सैद्धान्तिक छलफल नगरी प्रयोगमा जोड

दिइएको छ । तर द्वित्वमा वाक्य बनाउने र समासमा विग्रह गर्ने र समास गर्ने कार्य अभ्यास र पुनरावृत्तिका दृष्टिले कमजोर देखिन्छ ।

*वर्णविन्यास:* कक्षा दशको नेपाली पाठ्यपुस्तकमा दिइएका वर्णविन्यासससम्बन्धी अभ्यासहरूलाई तालिका ८ मा प्रस्तुत गरिएको छ ।

तालिका ८

*वर्णविन्याससम्बन्धी अभ्यास*

| पाठ | अभ्यास |
|---|---|
| ६ व्यापारिक चिठी-चिठी | पाठबाट शब्दको सुरुमा दीर्घ इकार हुने शब्दहरू टिपोट गर्ने |
| ९ हाम्रो संस्कृति- निबन्ध | पाठबाट 'स' को प्रयोग भएका आठ ओटा शब्दहरू टिपोट गर्ने |
| ११ लक्ष्मीपूजा- कथा | पाठबाट शब्दको सुरुमा दीर्घ ऊकार लागेका शब्दहरू टिपोट गर्ने |
| १३ जय भुँडी- निबन्ध | पाठको तेस्रो अनुच्छेदमा सुरु, बिच र अन्त्यमा दीर्घ भएका शब्दहरू टिपोट गर्ने |
| १४ म सडक बोल्दै छु-कविता | पाठबाट ह्रस्व इकार र ह्रस्व उकार लागेका शब्दहरू टिपोट गर्ने |
| १६ माउजङ बाबुसाहेबको कोट- कथा | दिइएको अनुच्छेदमा भएका वर्णविन्यासगत त्रुटि सच्याई पुनर्लेखन गर्ने |

माथिको तालिका ८ अनुसार कक्षा दशको नेपाली पाठ्यपुस्तकका छैटौँ, नवौँ, एघारौँ, तेरौँ, चौधौँ र सोरौँ पाठमा दीर्घ इकार, 'स' को प्रयोग, दीर्घ ऊकार, सुरु, बिच र अन्त्यमा दीर्घ, ह्रस्व इकार, ह्रस्व उकार, वर्णविन्यासीय त्रुटि सच्याउने अभ्यासहरूराखिएका छन् । उक्त व्याकरणका अभ्यासहरूलाई सम्बन्धित पाठसँग जोडिएको छ जुन व्याकरणलाई पाठ र भाषासँग सम्बद्ध गराउनु पर्छ भन्ने मान्यता अनुरूप देखिन्छ । वर्णविन्याससम्बन्धी अभ्यास व्याकरण बाहेक अन्य अभ्यासहरूमा पनि राखिएको देखिन्छ, तर वर्णविन्यासका क्षेत्र र अभ्यासका दृष्टिले भने उक्त अभ्यासहरू पर्याप्त देखिँदैनन् ।

*स्वर वर्ण र अक्षर संरचना* : कक्षा दशको नेपाली पाठ्यपुस्तकमा दिइएका स्वर वर्ण र अक्षर संरचनासम्बन्धी अभ्यासहरूलाई तालिका ९ मा प्रस्तुत गरिएको छ ।

तालिका ९

*स्वर वर्ण र अक्षर संरचनासम्बन्धी अभ्यास*

| पाठ | पाठ्यवस्तु | अभ्यास |
|---|---|---|
| ९ हाम्रो संस्कृति- निबन्ध | स्वर वर्ण | पाठबाट शब्दका सुरुमा स्वर वर्ण भएका ६ ओटा शब्द छानेर लेख्ने |
| | अक्षर संरचना | अक्षर संरचना देखाउने : व्यञ्जन, प्रक्रिया, दोलखा, विश्वविद्यालय |

कक्षा दशको नेपाली पाठ्यपुस्तकको नवौँ पाठमा स्वर वर्ण र अक्षर संरचनासम्बन्धी जम्मा एक एक ओटा प्रश्न राखिएका छन् । अन्यत्र कुनै पनि पाठमा उक्त अभ्यास राखिएको छैन । कक्षा दशको नेपाली

पाठ्यपुस्तकमा स्वर वर्ण र अक्षर संरचनाको पाठ्यवस्तु प्रवेश मात्र गराइएको छ । यसबाट विद्यार्थीहरूमा न धारणा बस्न सक्छ, न उनीहरूले पर्याप्त अभ्यास गर्ने मौका पाउँछन् ।

*वाक्यका प्रकार :* कक्षा दशको नेपाली पाठ्यपुस्तकमा दिइएका वाक्य संरचनासम्बन्धी अभ्यासहरूलाई तालिका १० मा प्रस्तुत गरिएको छ ।

तालिका १०

*वाक्यका प्रकारसम्बन्धी अभ्यास*

| पाठ | अभ्यास |
|---|---|
| १० स्थानीयकरण भन्दा व्यापारीकरण | दिइएको अनुच्छेद पढी तीन ओटै वाक्यका प्रकार प्रयोग गरी दुई अनुच्छेद लेख्ने |
| | दिइएको अनुच्छेदबाट सरल, मिश्र र संयुक्त वाक्यहरू पहिचान गरी तालिकामा देखाउने |
| वेश-वादविवाद | पाठको १२ औँ अनुच्छेदमा सरल, मिश्र र संयुक्त वाक्य पहिचान गर्ने |
| | पाठको २४ औँ अनुच्छेदमा भएका संयुक्त वाक्यलाई सरल वाक्यमा बदल्ने |
| | सरल, मिश्र र संयुक्त वाक्य प्रयोग गरी दैनिकी तयार गर्ने |
| १३ जय भुँडी-कविता | कोष्ठकमा दिइएको सङ्केतका आधारमा वाक्य परिवर्तन गर्ने (सरल, मिश्र, संयुक्त) |
| | सरल वाक्यको प्रयोग गरी अनुच्छेद तयार गर्ने |
| | मिश्रर संयुक्त वाक्यको प्रयोग गरी भावी योजनाको वर्णन गर्दै अनुच्छेद तयार गर्न |

कक्षा दशमा अध्ययन गर्ने विद्यार्थीलाई वाक्य संरचना सिकाउने उद्देश्यले कक्षा दशको नेपाली पाठ्यपुस्तकको नवौँ र तेरौँ पाठमा वाक्यका प्रकारमा सरल, मिश्र र संयुक्त वाक्यको अभ्यास राखिएको छ । सरल, मिश्र र संयुक्त वाक्यको अभ्यासका लागि पाठको अनुच्छेदबाट तथा छुट्टै अनुच्छेद दिएरवाक्य पहिचान गर्न लगाउने, वाक्य परिवर्तन गर्न लगाउने, तिनै किसिमका वाक्य प्रयोग गरी अनुच्छेद र दैनिकी तयार गर्न लगाउने जस्ता कार्यहरू राखिएका छन् । यस किसिमको अभ्यासबाट विद्यार्थीहरूलाई वाक्यका प्रकारसम्बन्धी धारणा बसाल्न र प्रयोग गर्न मद्दत मिल्ने देखिन्छ ।

*पदसङ्गति* : कक्षा दशको नेपाली पाठ्यपुस्तकमा दिइएका पदसङ्गतिसम्बन्धी अभ्यासहरूलाई तालिका ११ मा प्रस्तुत गरिएको छ ।

तालिका ११

*पदसङ्गतिसम्बन्धी अभ्यास*

| पाठ | अभ्यास |
|---|---|
| ११ लक्ष्मीपूजा-कथा | पदसङ्गति मिलाई दिइएको अनुच्छेद पुनर्लेखन गर्ने<br>उपयुक्त शब्द छानी खाली ठाउँ भर्ने (लिङ्ग, वचन, पुरुष, आदरसँग सम्बन्धित शब्द)<br>कोष्ठकमा दिइएको सङ्केतका आधारमा वाक्यहरू परिवर्तन गर्ने (लिङ्ग, वचन, पुरुष, आदर) |
| १२ क्लार जेटकिन-जीवनी | दिइएका वाक्यहरूलाई लिङ्गका आधारमा परिवर्तन गर्ने<br>कोष्ठकमा दिइएको सङ्केतका आधारमा वाक्य परिवर्तन गर्ने (वचन, पुरुष, आदर, करण अकरण) |

कक्षा दशको नेपाली पाठ्यपुस्तकको एघारौँ र बारौँ पाठमा पदसङ्गतिसम्बन्धी अभ्यासहरू राखिएका छन् । पाठ एघारमा केही अभ्यास पदसङ्गति नै भनेर किटान गरिएको छ भने केही अभ्यास लिङ्ग, वचन, पुरुष र आदरसम्बन्धी छन्, जुन सङ्गतिसँग सम्बन्धित हुन् । त्यस्तै बारौँ पाठका वचन, पुरुष, आदर, करण अकरणसम्बन्धी अभ्यासलाई पनि सङ्गतिसँग जोडिएको छ । यसरी व्याकरणात्मक कोटी : लिङ्ग, वचन, पुरुष, आदर, करण अकरणका आधारमा कर्ता र क्रियापद बिचको सङ्गतिसम्बन्धी अभ्यासहरू राखिएका छन् । सो पुस्तकको एघारौँ र बारौँ पाठमा राखिएका व्याकरणात्मक कोटीसम्बन्धी कुनै पनि कार्यलाई पाठसँग जोडिएको छैन ।

*भाव* : कक्षा दशको नेपाली पाठ्यपुस्तकमा दिइएका भाव (अर्थ) सम्बन्धी अभ्यासहरूलाई तालिका १२ मा प्रस्तुत गरिएको छ ।

तालिका १२

***भावसम्बन्धी अभ्यास***

| पाठ | अभ्यास |
|---|---|
| ११ लक्ष्मीपूजा-कथा | उदाहरण (सामान्य, आज्ञा, इच्छा, सम्भावना, सङ्केत) मा दिइए जस्तै हरेक भावको प्रयोग<br>गरी अनुच्छेद तयार गर्ने<br>कोष्ठकमा दिइएको सङ्केतका आधारमा वाक्य परिवर्तन गर्ने (इच्छा, आज्ञा, सम्भावना,<br>सङ्केत, सामान्य) |

कक्षा दशको नेपाली पाठ्यपुस्तकको एघारौँ पाठमा भाव (अर्थ) र त्यसका सबै प्रकार : सामान्य, आज्ञा, इच्छा, सम्भावना, सङ्केतका कार्यहरू राखिएका छन् । भावसम्बन्धी अभ्यास सो पुस्तकको एघारौँ पाठमा

मात्र राखिएको छ, अन्य कुनै पनि पाठमा आवृत्ति गरिएको छैन । फेरि सोही पाठमा भावसम्बन्धी दुई ओटा प्रश्न मात्र राखिएको छ ।भावसम्बन्धी उक्त कार्यहरू अभ्यासका दृष्टिले ज्यादै न्यून हुन् । अर्कोतर्फ भावसम्बन्धी अभ्यासलाई पाठसँग पनि जोडिएको छैन ।

*वाक्य संश्लेषण विश्लेषण* : कक्षा दशको नेपाली पाठ्यपुस्तकमा दिइएका वाक्य संश्लेषण विश्लेषणसम्बन्धी अभ्यासहरूलाई तालिका १३ मा प्रस्तुत गरिएको छ ।

तालिका १३

*वाक्य संश्लेषण विश्लेषणसम्बन्धी अभ्यास*

| पाठ | अभ्यास |
|---|---|
| १४ म सडक बोल्दै छु-कविता | उदाहरणमा देखाए जस्तै दिइएका वाक्यहरू संश्लेषण गर्ने<br>उदाहरणमा देखाए जस्तै दिइएका वाक्यहरू विश्लेषण गर्ने<br>दिइएको अनुच्छेदलाई आठभन्दा बढी सरल वाक्यमा पुनर्लेखन गर्ने<br>दिइएका वाक्यहरू संश्लेषण गन |

कक्षा दशको नेपाली पाठ्यपुस्तकको चौधौँ पाठमा वाक्य संश्लेषण र विश्लेषणसम्बन्धी अभ्यास राखिएको छ जसमा विभिन्न उदाहरणहरू दिएर सोही आधारमा विद्यार्थीलाई वाक्य संश्लेषण र विश्लेषण गर्न लगाइएको छ । उल्लिखित प्रश्नहरूवाक्य संश्लेषण र विश्लेषणका लागि पर्याप्त देखिँदैनन् । फेरि वाक्य संश्लेषण र विश्लेषणसम्बन्धी कार्यलाई पाठसँग जोडिएको पनि छैन ।

*कारक विभक्ति:* कक्षा दशको नेपाली पाठ्यपुस्तकमा दिइएका कारक विभक्तिसम्बन्धी अभ्यासहरूलाई तालिका १४ मा प्रस्तुत गरिएको छ ।

तालिका १४

*कारक विभक्तिसम्बन्धी अभ्यास*

| पाठ | अभ्यास |
|---|---|
| १५ टीका-एकाङ्की | दिइएको तालिका पढी सबै प्रकारका कारक र विभक्तिहरू प्रयोग गरी वाक्य बनाउने<br>दिइएको अनुच्छेदमा रेखाङ्कित शब्दहरूको कारक लेख्ने<br>विभिन्न कारक र विभक्ति प्रयोग गरी भ्रमण जाँदाको वर्णन गरी प्रयोग गरिएका कारक र विभक्ति रेखाङ्कन गर्न |

कक्षा दशको नेपाली पाठ्यपुस्तकको पन्ध्रौँ पाठमा कारक र विभक्तिको अभ्यास राखिएको छ । यसमा तालिका र अनुच्छेद दिएर कारक र विभक्ति पहिचान गर्न लगाउने, प्रयोग गर्न लगाउने, वर्णन गर्न लगाउने

जस्ता प्रश्नहरू राखिएका छन् । कारक र विभक्तिको अभ्यास प्रयोगमुखी त देखिन्छ तर पाठ्यवस्तुको जटिलताका दृष्टिले ती प्रश्नहरूपर्याप्त पनि छैनन् र पुनरावृत्ति पनि गरिएको छैन । त्यस्तै कारक र विभक्तिको अभ्यासलाई सम्बन्धित पाठसँग जोडिएको पनि छैन ।

*वाच्य:* कक्षा दशको नेपाली पाठ्यपुस्तकमा दिइएका वाच्यसम्बन्धी अभ्यासहरूलाई तालिका १५ मा प्रस्तुत गरिएको छ ।

तालिका १५

*वाच्यसम्बन्धी अभ्यास*

| पाठ | अभ्यास |
|---|---|
| १६ माउजङ | दिइएको अनुच्छेद पढी आवश्यकताअनुसार वाच्य परिवर्तन गर्ने |
| बाबुसाहेबको कोट-कथा | पाठको २४ सौं अनुच्छेदलाई वाच्य परिवर्तन गरी पुनर्लेखन गर्ने |
| | दिइएको अनुच्छेदलाई कर्तृवाच्यमा परिवर्तन गर्ने |
| | कोष्ठकमा दिइएको सङ्केतका आधारमा वाच्य परिवर्तन गर्ने |

माथिको तालिकाअनुसार कक्षा दशको नेपाली पाठ्यपुस्तकको सोरौँ पाठमा वाच्यको अभ्यास राखिएको छ । यसमा तिनै किसिमका वाच्यहरू दिएर आवश्यकताअनुसार वाच्य परिवर्तन गर्न लगाइएको छ । त्यसैगरी पाठको एउटा अनुच्छेदलाई वाच्य परिवर्तन गरी पुनर्लेखन गर्न लगाइएको छ । वाच्यसम्बन्धी उक्त कार्य अपर्याप्त भए पनि प्रारम्भिक अभ्यास गराउने उद्देश्यका लागि भने ठिकै मान्न सकिन्छ ।

*लघुतावाची, समूहवाची र सिङ्गो शब्द :* कक्षा दशको नेपाली पाठ्यपुस्तकमा दिइएका लघुतावाची, समूहवाची र सिङ्गो शब्दसम्बन्धी अभ्यासहरूलाई तालिका १६ मा प्रस्तुत गरिएको छ ।

तालिका १६


*लघुतावाची, समूहवाची र सिङ्गो शब्दसम्बन्धी अभ्यास*

| पाठ | अभ्यास |
|---|---|
| ९ हाम्रो संस्कृति- निबन्ध | उदाहरणमा दिए जस्तै दिइएका शब्दको लघुतावाची शब्द बनाउने |
| | उदाहरणमा दिए जस्तै दिइएका शब्दको समूहवाचक शब्द बनाउने |
| | उदाहरणमा दिए जस्तै दिइएका शब्दको सिङ्गो शब्द बनाउने |

तालिका सोरअनुसार कक्षा दशको नेपाली पाठ्यपुस्तकको नवौँ पाठमा लघुतावाची, समूहवाची र सिङ्गो शब्दसम्बन्धी अभ्यास दिइएको छ । लघुतावाचीमा डालो, कुचो, कचौरा, चिम्टा, लोहोरो, लौरो, नाङ्लो, लोहोटा, गेडो, ठेको, गाग्रो, चोलो, समूहवाचकमा मकै, फूल, मानिस, सिपाही, बारुला, बाँस, नोट, माहुरी, केरा, पराल, दाउरा, पर्वत र सिङ्गो शब्दमा अभेद्य, अमर, दशक, कृतज्ञ आदि शब्द दिइएका छन् । यी अभ्यासहरू व्याकरण शीर्षकअन्तर्गत राखिएको छ। व्याकरण रूपसँग र शब्द अर्थसँग सम्बन्धित विषय हुन्। फेरि पाठ्यक्रमले पनि शब्द भण्डार र व्याकरणलाई अलग अलग विषय क्षेत्र छुट्याएको छ । तसर्थ उक्त

अभ्यास व्याकरणका विषय क्षेत्र नभएर शब्द भण्डारका विषय क्षेत्र भएकाले व्याकरणअन्तर्गत छलफल गरिनु उपयुक्त होइन ।

माथि तालिकीकरण गरी व्याख्या विश्लेषण गरिएका कक्षा दशको नेपाली पाठ्यपुस्तकमा पाठैपिच्छे राखिएका व्याकरणका अभ्यासअन्तर्गत दिइएका पाठ्यवस्तुहरूको छनोट र स्तरणलाई तलको चित्र १ मादेखाइएको छ ।




*चित्र १*
व्याकरणका पाठ्यवस्तुहरूको छनोट र स्तरण

कक्षा दशको नेपाली पाठ्यपुस्तकमा सोर ओटा पाठहरू रहेका छन् जसमा पहिलो पाठदेखि सोरौँ पाठसम्म राखिएका व्याकरणका पाठ्यवस्तुलाई माथिबाट क्रमशः प्रस्तुत गरिएको छ । यसरी सो पुस्तकमा राखिएका व्याकरणका पाठ्यवस्तुहरूको छनोट र स्तरणसामान्यतः मिलेको देखिन्छ । स्तरणका दृष्टिले भने केही अभ्यासहरू उपयुक्त देखिँदैनन् । दोस्रो पाठमा निम्नानुसारका अभ्यासहरू दिइएका छन् -

क. उदाहरणमा दिइए जस्तै दिइएका धातुबाट तीन ओटै कालका सबै पक्षका वाक्य बनाउनुहोस् ।

ख. उदाहरणमा दिइए जस्तै दिइएका धातुबाट लिङ्ग, वचन, पुरुष र आदरका वाक्य बनाउनुहोस् ।

ग. कोष्ठकमा दिइएका धातु र सङ्केत (काल, पक्ष) का आधारमा वाक्य पूरा गर्नुहोस् । निर्दिष्ट धातुबाट तीन ओटै कालका सबै पक्षका वाक्य बनाउने अभ्यास दोस्रो पाठमा राखिनु उपयुक्त देखिँदैन । जबकि पाँचौँ र छैटौँ पाठमा काल र पक्षका अभ्यासहरू राखिएका छन् । त्यसैगरी आवृत्तिका दृष्टिले वर्णविन्यास, शब्दवर्ग, काल र पक्षका अभ्यासहरू बढी आवृत्ति भएको देखिन्छ । तर वर्णविन्यासमा विभिन्न किसिमका वर्णविन्यासको अभ्यास राखिएको छ । शब्दवर्गमा पनि तेरौँ पाठमा राखिएको 'क्रियापद'मात्र आवृत्ति भएको छ, अन्य शब्दवर्गका अभ्यासहरू विभिन्न पाठमा राखिएका छन् । वाक्यका प्रकार, केही काल र पक्षका अभ्यासहरूको भने आवृत्ति भएको छ ।

## निष्कर्ष

कक्षा दशको नेपाली पाठ्यपुस्तकका प्रत्येक पाठको अन्त्यतिर व्याकरणका अभ्यासहरू राखिएका छन् जसमा धातु, शब्दवर्ग, लेख्यचिन्ह, काल-पक्ष, मूल-व्युत्पन्न शब्द, उपसर्ग-प्रत्यय, द्वित्व, समास, वर्णविन्यास, वाक्यका प्रकार, पदसङ्गति, भाव, वाक्य संश्लेषण-विश्लेषण, कारक-विभक्ति र वाच्यसम्बन्धी पाठ्यविषयहरू रहेका छन् । कक्षा दशको नेपाली पाठ्यपुस्तकका पहिलो र दोस्रो पाठमा धातु, पहिलो, तेस्रो, चौथो, आठौँ र तेरौँ गरी जम्मा पाँच ओटा पाठमा शब्दवर्गका सबै प्रकर, दोस्रो पाठमा लेख्यचिन्हअन्तर्गत अल्प विराम, अर्ध विराम, पूर्ण विराम, प्रश्नवाचक र विस्मयादिबोधकका चिन्ह, पाँचौं, छैटौँ, सातौँ र दशौँ पाठमा तीन ओटै काल र सबै पक्षसम्बन्धी अभ्यासहरू राखिएका छन् । त्यस्तैसोही पुस्तकको आठौँ पाठमा दुई दुइटा उपसर्ग र प्रत्ययका प्रश्नहरू, नवौँ पाठमा द्वित्व र समास, छैटौँ, नवौँ, एघारौँ, तेरौँ, चौधौँ र सोरौँ गरी जम्मा छ ओटा पाठमा वर्णविन्यासअन्तर्गत दीर्घ इकार, 'स' को प्रयोग, दीर्घ ऊकार, सुरु, बिच र अन्त्यमा दीर्घ, ह्रस्व इकार, ह्रस्व उकार, वर्णविन्यासीय त्रुटि सच्याउने अभ्यासहरू राखिएका छन् । त्यसैगरी नवौँ पाठमा स्वर वर्ण र अक्षर संरचनासम्बन्धी अभ्यास, नवौँ र तेरौँ पाठमा वाक्यका प्रकारमा सरल, मिश्र र संयुक्त वाक्यको अभ्यास, एघारौँ पाठमा पदसङ्गति र भाव, बारौँ पाठमा व्याकरणात्मक कोटि : लिङ्ग वचन, पुरुष, आदर, करण अकरण, चौधौँ पाठमा वाक्य संश्लेषण र विश्लेषण, पन्ध्रौँ पाठमा कारक र विभक्तिको अभ्यास, सोरौँ पाठमा वाच्य र नवौँ पाठमा लघुतावाची, समूहवाची र सिङ्गो शब्दसम्बन्धी अभ्यास दिइएको छ ।

कक्षा दशको नेपाली पाठ्यपुस्तकमा राखिएका धेरैजसो व्याकरणका अभ्यासहरू प्रयोगमुखी देखिन्छन् । पाठ्यवस्तुको प्रकृतिअनुसार वाक्य बनाउने, वाक्य परिवर्तन गर्ने, अनुच्छेद तयार गर्ने, वर्णन गर्ने जस्ता अभ्यासहरू राखिएका छन् जुन सैद्धान्तिकभन्दा प्रायोगिक मानिन्छन् । पाठगत दृष्टिले भने केही व्याकरणका अभ्यासलाई पाठसँग जोडे पनि अधिकांश व्याकरणका पाठ्यांशहरूलाई पाठसँग जोडेर अभ्यास गर्न लगाइएको छैन । मूल र व्युत्पन्न, वर्णविन्यास, स्वर वर्ण र अक्षर संरचना, वाच्यसम्बन्धी व्याकरणका

अभ्यासलाई सम्बन्धित पाठसँग जोडिएको छ भने शब्दवर्ग, काल र पक्षमा, उपसर्ग र प्रत्यय, वाक्यका प्रकार, द्वित्व र समाससम्बन्धी व्याकरणका अभ्यासमा एक दुई प्रश्न मात्र पाठसँग जोडिएको छ । धातु, लेख्यचिन्ह, पदसङ्गति, भाव, वाक्य संश्लेषण र विश्लेषण, कारक र विभक्ति, लघुतावाची, समूहवाची र सिङ्गो शब्दसम्बन्धी अभ्यासमा कुनै पनि प्रश्न पाठसँग जोडिएको छैन । यतिका अभ्यासहरू सम्बन्धित पाठसँग नजोड्नु भनेको विद्यालय स्तरको व्याकरण शिक्षण भाषा पाठ्यपुस्तक विधिअनुसार शिक्षण सिकाइ गर्ने मान्यता आत्मसात् गर्न सकेको देखिँदैन । माध्यमिक शिक्षा पाठ्यक्रम (२०७१) ले कक्षा दशको कक्षागत सक्षमता भनेर "लिखित अभिव्यक्तिका क्रममा व्याकरणका आधारभूत नियम पालना गरी लेख्न" भनेको छ । यस अनुसार व्याकरणका अभ्यासलाई रचनामुखी बनाउन खोज्दा खोज्दै पनि अधिकांश पाठ्यांशलाई सम्बन्धित पाठसँग जोड्न नसक्नु शैक्षणिक दृष्टिले कमजोरी देखिन्छ ।

## सन्दर्भ सूची


अधिकारी, हेमाङ्ग राज (२०६७), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

खनिया, बुद्धराज (२०७५), *नेपाली भाषा शिक्षण : सिद्धान्त र प्रयोग,* काठमाडौँ : जुपिटर प्रिन्टिङ एन्ड पब्लिसिङ हाउस प्रा.लि. ।

ढकाल, शान्ति प्रसाद (२०७४), *नेपाली भाषा शिक्षण : परिचय र प्रयोग,* काठमाडौँ : पिनाकल पब्लिकेसन ।

ढुङ्गेल, भोजराज र दाहाल, दुर्गाप्रसाद (२०७६), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : एम. के. पब्लिसर्स ।

पाठ्यक्रम विकास केन्द्र (२०७१), *माध्यमिक शिक्षा पाठ्यक्रम २०७१,* भक्तपुर : स्वयम् ।

पाठ्यक्रम विकास केन्द्र (२०७४), *नेपाली, कक्षा १०,* भक्तपुर : स्वयम् ।

बर्नस / Burns, A. and Siegel, J. (2018).Teaching the Four Language Skills: Themes and Issues. In Anne Burns · Joseph Siegel (Eds.). *International Perspectives on Teaching the Four Skills in ELT Listening, Speaking, Reading, Writing*. Switzerland M Palgrave Macmillan. Inc. https://doi.org/10.1007/978-3-319-63444-9_1

भट्टराई, रामप्रसाद (२०७४), *नेपाली भाषाशिक्षण,* काठमाडौँ : शुभकामना प्रकाशन ।

भण्डारी, पारसमणि (२०७४), *नेपाली भाषाशिक्षणका समसामयिक सन्दर्भहरू,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

लम्साल, रामचन्द्र र अन्य (२०६७), *नेपाली भाषाशिक्षण,* काठमाडौँ : भुँडी पुराण प्रकाशन ।

शर्मा, केदार प्रसाद र पौडेल, माधव प्रसाद (२०७४), *नेपाली भाषा शिक्षणका सन्दर्भहरू,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

श्रेष्ठ, मीरा (२०७४), *नेपाली भाषाशिक्षण,* काठमाडौँ : अक्सफोर्ड पब्लिकेसन ।